गाउँसभामा

उपाध्यक्ष श्री शुभद्रा अधिकारी उप्रेतीद्वारा गाउँ सभामा प्रस्तुत

आर्थिक वर्ष ०८१/०८२ को

# वार्षिक नीति तथा कार्यक्रम

## लिखु गाउँपालिका

बागमती प्रदेश, नुवाकोट

विक्रम संवत् २०८१ साल असार ९ गते

“समृद्ध लिखुको आधार कृषि, शिक्षा र पूर्वाधार”

**श्री सभाध्यक्ष महोदय तथा गाउँसभाका सम्पूर्ण सदस्यज्यूहरू,**

**प्रमुख प्रशासकीअ अधिकृत तथा अन्य उपस्थित कर्मचारी, लगाएत सञ्चारकर्मी मित्रहरु ।**

**लिखु गाउँपालिकाको पन्धौ गाउँसभाको प्रथम अधिवेशनमा हार्दिक स्वागत गर्दछु ।**

लिखु गाउँपालिकाको उपाध्यक्षको हैसियतले यस गरिमामय गाउँसभा समक्ष आर्थिक वर्ष ०८१/०८२ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्त खुशी लागेको छ । नेपालको सार्वभौमसत्ता, स्वाधिनता, भौगोलिक अखण्डता, राष्ट्रिय हित, स्वाभिमान, लोकतन्त्र र जनजीवनका लागि भएका विभिन्न आन्दोलनमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

आन्तरिक सुशासन र सवल प्रशासनको विकासबाट मात्रै सार्वजनिक सेवा प्रवाहमा प्रभावकारीता आउने भएकोले जनतासंग प्रत्यक्ष सम्बन्ध र सम्पर्क रहने वडा कार्यालयहरुको क्षमता विकास तथा स्रोत साधनमा वृद्धि गर्ने नीति अवलम्बन गर्ने प्रस्ताव गरिएको छ ।

विद्यमान परिस्थितिमा स्थानीय सेवा प्रवाह, समग्र शासन व्यवस्था र विकास निर्माणमा परेका नकारात्मक असरको लेखाजोखा तथा अनुमान र आगामी वर्षको लागि आवश्यकता र प्राथमिकता पहिचान गरी स्पष्ट योजना सहितको नीति तथा कार्यक्रमको तर्जुमा गर्न सकेमा मात्र स्थानीय सरकारको प्रभावकारिता बढ्न जाने हुन्छ । शिक्षा, स्वास्थ्य, रोजगारी, उद्यमशिलता, सामाजिक बिकास, युवा तथा खेलकुद, भौतिक पूर्बाधार विकास, सार्वजनिक यातायात, खानेपानि तथा सरसफाई, विपद ब्यवस्थापन, न्याय निरुपण, मानव अधिकार प्रबर्धन जस्ता विषयगत क्षेत्रहरुका लागि बिशेष नीति तथा कार्यक्रम प्रस्ताव गरेकी छु । आगामी आर्थिक वर्षको लागि प्रस्तावित नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न आम लिखुबासी तथा सबै पेशा, व्यवसायमा आबद्ध महानुभावहरुको सहयोग, समन्व र सहकार्य रहने कुरामा विश्वस्त छु ।

संघीय राजधानीदेखि निकट रहेको यस गाउँपालिकामा सर्वसाधारण जनताले प्रत्यक्ष अनुभूतिगर्ने खालका योजना तर्जुमा गर्ने, स्थानीय नागरिकलाई योजना तर्जमाका साथै कार्यान्वयनमा प्रत्यक्ष सहभागी गराउने, मागमा आधारित भूगोल सुहाउदो कार्यक्रम तथा विकासका गतिविधिहरू सञ्चालन गरी यस क्षेत्रका जनताको गरिबी न्यूनीकरण गर्दै “समृद्ध लिखुको आधार, कृषि शिक्षा र पूर्वाधार” भन्ने मूल नारालाई सार्थकता दिने प्रमुख नीति लिइएको छ ।

**आदरणीय गाउँसभा सदस्यज्यूहरु,**

**नीति तथा कार्यक्रम तर्जुमा गर्दा अवलम्बन गरिएका मुख्य आधारहरु :**

- नेपालको संविधान
- स्थानीय सरकार संचादन ऐन, २०७४

- नेपाल सरकारको पन्ध्रौ पञ्चवर्षीय योजना
- बागमती प्रदेश सरकारको नीति तथा कार्यक्रम,
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्तआयोग ऐन, २०७४
- श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको सिफारिस
- राजस्व परामर्श समितिको सिफारिस
- निर्वाचनका वेला गाउँवासी सामू गरेका प्रविवद्धता एवं घोषणहरु
- वडाहरुको जनसंख्या, भूगोल, क्षेत्रफल, खर्चको आवश्यकता, राजश्व क्षमता, पूर्वाधारको अवस्था समेतका आधारहरु ।

सभाध्यक्ष महोदय,

लिखु गाउँपालिकाको आ.व.२०८१/८२ को वार्षिक नीति तथा कार्यक्रमहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## सार्वजनिक सेवा प्रवाह, सुशासन तथा सञ्चार प्रविधि

१. सेवा प्रवाहलाई पारदर्शी, जनमुखी र उत्तरदायी बनाउन नागरिक समाज लगायत बहुसरोकारवालाहरूको निगरानी बढाइने छ ।

२. सेवा प्रवाहको प्रभावकारिता मापनका लागि कार्यसम्पादन सूचकको व्यवस्था लाई थप प्रभावकारी गराइने छ ।

३. वार्षिक खरिद योजना तर्जुमा गरी खरिद प्रक्रियालाई व्यवस्थित गरिने छ ।

४. सेवा प्रवाहलाई सहज बनाउन आवश्यकता अनुसार समय-समयमा सबै वडामा एकीकृत घुम्ति सेवा शिविर संचालन गरिने छ ।

५. सार्वजनिक सेवा प्रवाहमा सदाचारिता अभिवृद्धिका लागि भ्रष्टाचार विरुद्धको शून्य सहनशीलताको नीति अवलम्बन गर्दै गाउँपालिकालाई सूचना प्रविधिमैत्री बनाउन हरसम्भव प्रयास गरिने छ ।

६. कर्मचारी तथा जनप्रतिनिधिहरुको क्षमता विकासका कार्यक्रमहरु तर्जुमा गरिने छ ।

७. गाउँपालिकाका गतिविधिहरुलाई पारदर्शी तथा जवाफदेही बनाउन बुलेटिन प्रकाशन, सार्वजनिक सुनुवाई, जनतासँग जनप्रतिनिधि संचार कार्यक्रम तथा विभिन्न संचार माध्यमहरुबाट सूचना प्रकाशन तथा प्रशारण कार्यलार्य जोड दिइनेछ ।

८. गाउँपालिका तथा वडा कार्यालयहरुबाट उपलब्ध गराईने सम्पूर्ण सिफारिससम्बन्धी कामकाजलाई चुस्त र पारदर्शी बनाउन विद्युतिय प्रणालीको प्रयोग गरिने छ ।

९. कर्मचारी संगठनलाई छरितो बनाउने, अनावश्यक कर्मचारी कटौती गर्ने सकभर थोरै कर्मचारीबाट धेरै कार्य सम्पादन गर्ने बातावरण मिलाईने छ ।

१०. कर्मचारीको कार्यसम्पादनको आधारमा कर्मचारीहरुलाई प्रोत्साहन भत्ता उपलब्ध गराईने छ ।

११. प्रशासन संयन्त्रको उत्प्रेरणाको प्रवर्धनका लागी संघ र प्रदेश सरकारले उपलब्ध गराउने सेवा र सुविधाको परिपुरकका रुपमा खाजा भत्ता, पर्यटन भ्रमण काज जस्ता अन्य सुविधा प्रदान गर्ने नीति लिइनेछ ।

१२. गाउँपालिकामाकार्यरत सम्पूर्ण कर्मचारी तथा जनप्रतिनिधीहरुको दुर्घटना बिमाको बन्दोबस्त मिलाईने छ ।

१३. कर्मचारीहरूको सेवा प्रवाह प्रतिको तदारुकतालाई वृत्ति विकाससँग आवद्ध गर्दै उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारीलाई प्रोत्साहन गर्न पुरस्कारको व्यवस्था गरिने छ । कार्यालयका कर्मचारीहरूलाई क्षमता अभिवृद्धि गर्न समय समयमा आवश्यक तालिमहरू प्रदान गरिने छ ।

१४. सरकारी, गैर सरकारी, सामाजिक संघसंस्थाहरूको वजेट तथा कार्यक्रमलाई गाउँपालिकाको वार्षिक बजेट, योजना तथा कार्यक्रममा मूलप्रवाहिकरण गरी सहकार्य तथा समन्वयमा कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइने छ ।

१५. अत्याधुनिक प्रविधिको प्रयोग गर्नुपर्ने र उच्च लागत अनुमान रहेका आयोजनाहरू बाहेकका आयोजनाहरू उपभोक्ता समिति, सहकारी संस्थाहरू, सामुदायिक संस्थाहरू मार्फत कार्यान्वयन गरिने छ । उपभोक्ता समितिहरूको कार्यमा थप प्रभावकारिता ल्याउन अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिने छ ।

१६. गाउँपालिका भित्रका सार्वजनिक तथा सरकारी जग्गाहरुको खोज तथा अध्ययन गरी अभिलेख तगार गरी त्यस्ता जग्गाहरुको संरक्षण गरिनेछ ।

## स्वास्थ्य, सरसफाइ तथा खानेपानी

१७. अध्यक्षसँग जनता परीक्षण कार्यक्रम अन्तर्गत मुटु, मृगौला, क्यान्सर लगायत गम्भिर प्रकृतिका रोगको लागि अति बिपन्न गरीव, दलित तथा सिमान्तकृत ब्यक्तिहरुलाई केही आर्थिक सहायता उपलब्ध गराईने कार्यको निरन्तरता दिईनेछ ।

१८. गर्भवती महिला र गर्भमा भएको बच्चाको पोषण सुधार गर्नको लागि गर्भवती महिलाको घरमा झण्डा र हातमा अण्डा कार्यक्रमलाई निरन्तरता दिईने छ ।

१९. गाउँपालिका भित्रका स्वास्थ्य संस्थाहरुमा प्रयोग हुने अति आवश्यक औषधी तथा औजार उपकरण खरिदको लागि आवश्यक बजेटको व्यवस्थापन गरिनेछ ।

२०. महिलाहरुको पाठेघर जाँच VIA परीक्षण सम्बन्धि स्वास्थ्य शिविरहरु निरन्तर संचालन गरिने छ ।

२१. गर्भवती महिलाको लागि उपाध्यक्षसँग ग्रामिण अल्ट्रासाउन्ड कार्यक्रम हरेक वडामा संचालन गरीने छ ।

२२. स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाउनको लागि अन्य सरकारी तथा गैह्र सरकारी संघसंस्था तथा निकायहरुसँग समन्वय र सहकार्य गरीने छ ।

२३. पालिका स्तरीय निर्माणाधीन १० बेडको अस्पताल निर्माण पुरा गरी सेवा सुचारु गरिने छ ।

२४. स्वास्थ्य बिमा कार्यक्रमलाई थप सरल, सहज तथा पहुँचयोग्य बनाई बिमा कर्तालाई प्रतेक घर-घर गरी बिमा गराउने वातावरण सृजना गरिने छ ।

२५. पालिकाबाट संचालित एम्बुलेन्सबाट गर्भवती सुत्केरी तथा बिरामीहरुलाई निशुल्क एम्बुलेन्स सेवा संचालन गरिने छ |

२६. स्थानीय सम्भाव्यताका आधारमा औषधीजन्य जडीबुटीको व्यावसायिक खेतीलाई प्रवर्द्धन गर्ने कार्यक्रम अगाडि बढाइने छ ।

२७. स्वास्थ्य संस्थाहरुको स्तरोन्नती र सुदृढीकरण गर्दै, स्वास्थ्य संस्थाहरुको स्तर अनुसार आवश्यक औजार-उपकरण,जनशक्ति र औषधीको ब्यबस्था गरीने छ ।

२८. वृहत स्वास्थ्य शिविर संचालन गरि ग्रामिण भेगमा रहेका मानिसहरुलाई शिविर मार्फत विशेषज्ञ सेवा उपलब्ध गराइने छ ।

२९. पोषण सेवामा थप सुधार ल्याउनको लागि बच्चाको उमेर २ बर्ष सम्म महिनाको १ पटक जोखी २ वर्षमा २४ पटक जोखेर पोषणको अवस्था बेलैमा पहिचान गरी त्यसको ब्यबस्थापन गरीने छ ।

३०. परम्परागत पानी, पोखरी, ढुँगेधारा र मूलको संरक्षण गर्न कार्यक्रम सञ्चालन गरी भौगोलिक र प्राकृतिक स्वरूपको समेत जगेर्ना गरिने छ ।

३१. प्रजनन स्वास्थ्य, सुरक्षित मातृत्व एवं बाल तथा शिशु स्वास्थ्य सेवासम्बन्धी चेतनामूलक कार्यक्रम सञ्चालनमा ल्याइने छ ।

३२. सार्वजनिक शौचालयलाई व्यवस्थित गरिने छ । साथै आवश्यक स्थानहरूमा सार्वजनिक शौचालय निर्माण कार्यलाई निरन्तरता दिइने छ ।

३३. पिउने पानीको दीगो स्रोत उपलब्ध नभएका स्थानहरूमा वैकल्पिक स्रोतको पहिचान गरिने छ ।

३४. नकुहिने फोहोरको दीगो व्यवस्थापनका लागि उपयुक्त स्थल पहिचान गर्न सम्भाव्यता अध्ययन गरिने छ । गाउँपालिकालाई प्लाष्टिक मुक्त बनाउन अभियान सञ्चालन गरी फोहोरमैला व्यवस्थापन गरिने छ ।

३५. स्वास्थ्य चौकीहरूबाट सञ्चालन भईरहेको सेवाहरूबारे सामाजिक परीक्षण कार्यक्रमलाई निरन्तरता दिइने छ ।

३६. पालिका स्तरीय बिपद ब्यबस्थापन समिति र र्यापिड रेस्पोन्स टिमलाई प्रभावकारी बनाई आवश्यक तालिम र स्रोत र साधन व्यवस्था गरी तयारी अवस्थामा राखिने छ।

३७. मुटु मृगौला परिक्षणको लागि पालिकाद्वारा मुटु/मृगौला रोग विशेषज्ञ डाक्टर ल्याब, इसिजी र एको सहित बृहत स्वास्थ्य शिविर संचालन गरिने छ |

३८. क्यान्सर रोगको प्रकोप दिनप्रतिदिन जनस्वास्थ्य समस्याको चुनौती भईरहेकोले क्यान्सर सम्बन्धि जनचेतना मूलक कार्यक्रम संचालन तथा विशेषज्ञ डा. सहितको क्यान्सर स्क्रीनिङ स्वास्थ्य शिविर संचालन गरिने छ

३९. दाँत सम्बन्धि आधारभूत स्वास्थ्य सेवा/प्राथमिक उपचार सेवा आम लिखु गाउँपालिका बासी जनतालाई प्रदान गर्नको लागि यसै बर्ष ग्रामिण दन्त उपचार केन्द्र स्थापना गरिने छ ।

## महिला, बालबालिका तथा समाजकल्याण

४०. लिखु गाउँपालिका भित्रका ८० वर्ष माथिका सबै नागरिकलाई सम्मान स्वरूप प्रोत्साहन गरिने छ ।

४१. दलित उत्थानका लागि दलित सशक्तीकरण सम्बन्धी कार्यकम गरिनेछ ।

४२. गाउँपालिकाका युवा युवती हरुलाई लोकसेवा आयोग प्रति आर्कषित गराउन लोकसेवा तयारी कक्षा संचालन गरिने छ ।

४३. यसै आ.व भित्र बालमैत्री स्थानीय तह घोषणा गर्ने कार्यकम गरिने छ ।

४४. सहारा विहीन नागरिकका लागि जीविकोपार्जनमा विशेष ध्यान दिइनेछ ।

४५. अभाव तथा बन्चितीकरणमा परेका महिलाहरुलाई मुल प्रवाहिकरणमा ल्याउन लक्षित कार्यक्रम सञ्चालन गरिने छ ।

४६. लैङ्गिक हिंसा निवारणका लागि आवस्यक कार्यक्रमहरु संचालन गरिने छ ।

४७. बालविवाह, बहुविवाह, दाईजो प्रथा, जातीय छुवाछुत, अनमेल विवाह, बोक्सी प्रथा जस्ता सामाजिक कुरीति, कुसंस्कार एवं रुढीवादी परम्पराको अन्त्य गर्न सांस्कृतिक सुधार कार्यक्रमलाई विद्यालय स्तरबाटै सुरुवात गरिने छ ।

४८. एकल महिला तथा एकल पुरुषलाई सामाजिक रूपमा स्थापित गराउँदै जीवन निर्वाहमा थप सहजीकरण गर्न सामाजिक अभियान मार्फत आवश्यक कार्यक्रमहरू सञ्चालन गरिने छ ।

४९. महिला विरुद्ध हुने घरेलु हिंसा अन्त्य गर्न जनचेतना अभिवृद्धि गर्दै आवश्यक संरचनागत व्यवस्था गरिने छ ।

५०. महिला बालबालिका तथा अपांगता भएका व्यक्तिहरू, अल्पसंख्यक समूदायको लागि लैगिक समानता एवं सामाजिक समावेशीकरण (Gender Equality and Social Inclusion – GESI)का विशेष कार्यक्रमहरूलाई निरन्तरता दिइने छ । लैगिंक परीक्षण गर्ने कार्यको शुरुवात गरिने छ ।

५१. महिनावारी तथा आत्मरक्षा (Self Defense) सम्बन्धि सचेतनामुलक कार्याक्रम विद्यालयस्तरमा संचालन गरीनेछ ।

५२. बालबिवाह अन्त्यका लागि समुदाय परिचालन कार्यक्रम संचालन कार्यक्रमलाई निरन्तरता दिइने छ ।

५३. बाबुआमा विहीन बालबालिकाको संरक्षणका लागि प्रदेश सरकारको समन्वयमा आवश्यक कार्यक्रम संचालन गरिने छ ।

५४. ज्येष्ठ नागरिक, अपाङ्गता भएका तथा सामाजिक सुरक्षा भत्ताको सुविधा लिइरहेका व्यक्तिहरूको लगत अद्यावधिक गरी परिचय पत्र वितरणको कार्यलाई व्यवस्थित गर्दै लगिने छ ।

५५. व्यक्तिगत घटना दर्ता प्रणालीलाई सुदृढीकरण एवं व्यवस्थित गरिने छ । पञ्जीकरण शाखामा स्थायी कर्मचारीको व्यबस्था गरी आ.व २०८१/०८२ भित्र सत प्रतिशत घटना दर्ता गरिने छ ।

५६. सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सम्बन्धी कार्यहरू सम्बन्धित निकायमा समयमै दर्ता/अद्यावधिक गराउन गाउँपालिका टोलटोलमा जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिने छ ।

५७. सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सम्बन्धी कार्यहरूलाई प्रभावकारी र व्यवस्थित गराउन नियमित अनुगमनको कार्यलाई अघि बढाइने छ ।

५८. "ग" वर्गको अपांगता भएका व्यक्तिहरूका लागि समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम संचालन गरिने छ ।

## पूर्वाधार विकास, वातावरण तथा विपद् व्यवस्थापन

५९. संघीय सरकार, प्रदेश सरकार र गाउँपालिकाको साझेदारीमा गाउँपालिका भित्रका महत्वपूर्ण सडकहरुलाई क्रमशः स्तरोन्नती तथा कालोपत्रे गरिनेछ ।

६०. यस गाउँपालिकामा निर्माण भएको सडक गुरुयोजनाको प्रतिबेदन अनुसार प्राथमिकिकरणको आधारमा बजेट विनियोजन गर्ने तथा संघ र प्रदेश सरकारमा सोही बमोजिम बजेट माग गर्ने व्यबस्था लागु गरिने छ ।

६१. योजना कार्यान्वयनमा गुणस्तर कायम गर्न आवश्यक प्राविधिक उपकरण खरिद गर्ने साथै योजना अनुगमन कार्यलाइ थप प्रभावकारी बनाइने छ ।

६२. गाउँ कार्यपालिकाको प्रशासनिक भवन निमार्णकार्य प्रारम्भ गरिनेछ ।

६३. गाँउपालिकाबाट निमार्ण भएका ग्रामीण सडकहरुको रेखाङ्कन गरी लगत कट्टा गर्ने निति लिईनेछ ।

६४. सडक गुरुयोजना तयार गरी कार्यान्वयन गरिने छ । गाउँपालिकाको Lifelineको रूपमा रहेका सडकलाई मुख्य सडकसँग जोडिने छ । एक वडा एक विशेष महत्वको सडक निर्माण तथा स्तरोन्नति कार्यक्रम संचालन गरिने छ ।

६५. लिखु गाउँपालिकाको पञ्चवर्षीय आवधिक योजना र मध्यकालीन खर्च संरचना चालु आ.व. भित्रै लागू गरिने छ ।

६६. गाउँपालिका भित्रको यातायातलाई वाह्रै महिना सञ्चालन गर्न सडकको स्तरोन्नति गरिनेछ । विभिन्न प्राकृतिक कारण तथा विपद जन्य घटनाबाट अवरुद्ध हुने सडक सुचारु गर्न “मर्मत सम्भार तथा व्यवस्थापन कोष” संचालन गरी खर्च गर्ने व्यवस्था मिलाइने छ ।

६७. ग्रामीण सडकको दीगो सञ्चालन तथा व्यवस्थापनका लागि उपयुक्त प्रविधि अपनाई स्तरोन्नति गरिने छ । पानीको वहावबाट हुने क्षति कम गर्न सडकको दायाँ बायाँ नालीको निर्माणलाई अनिवार्य गरिने छ ।

६८. सहभागितामूलक विकास कार्यका लागि जनताको सक्रिय एवं अर्थपूर्ण सहभागिता अभिवृद्धि गर्न विकासमा साझेदारी कार्यक्रमलाई निरन्तरता दिईने छ । यसका लागि आवश्यक सममुरक कोष (Matching Fund) को व्यवस्था गरिने छ ।

६९. जोखिम संवेदनशील भूउपयोग योजना तयार गरी जग्गा एकीकरण, जग्गा विकास, बस्ती विकास तथा सम्पदा संरक्षण योजना कार्यान्वयनमा ल्याईने छ ।

७०. विपद जोखिम न्यूनीकरणर व्यवस्थापन तथा जलवायु उत्थानशील योजना तर्जुमा गरी सो अनुसार विपद् पुर्व तयारी, विपद् न्यूनकिरण, प्रतिकार्य र पुनर्स्थापनाको कार्यलाई ब्यवस्थित र प्रभावकारी बनाइनेछ ।

७१. सामुदायिक बन भित्र उपभोत्ता हरु संग सहकार्य गरी वैपल्पिक अर्न्तबाली कार्यक्रम तथा जडिबुटी जन्य नगदे बाली संचालनको लागि आवश्यक कार्य अगाडि बढाईने छ ।

७२. सामुदायिक वन, कवुलियती वन र राष्ट्रिय वनमा भूईं घाँस, डाले घाँस र फलफूलजन्य विरुवाहरू रोपी हरियाली प्रवर्द्धन गरिने छ ।

७३. जमिन खाली रहन नदिन उपयुक्त भू-उपयोग नीति अनुरूप जमिन तथा सडक आसपासमा वृक्षारोपणका लागि आवश्यक विरुवाहरू उत्पादन गर्ने व्यवस्था मिलाइने छ ।

७४. पहिरोको उच्च जोखिममा रहेका क्षेत्रहरूमा भूक्षय एवं पहिरो नियन्त्रणका विशेष कार्यक्रम सञ्चालन गरिने छ । पहिरोको जोखिम तथा भूक्षय ग्रस्त क्षेत्रहरूमा बाँस लगायत अन्य उपयुक्त विरुवा रोप्ने संरक्षण एवं उपयोग कार्यमा निम्न आय भएका व्यक्ति, भूमिहीन किसान तथा अल्पसंख्यकको संलग्नताको सुरुवात गरिने छ ।

७५. पालिकाको फोहोर पालिका भित्र नै व्यबस्थापन गर्न निजी, सहकारी क्षेत्र संग सहकार्य गर्ने नीति लिईनेछ । फोहोर व्यबस्थापनको लागि संघ तथा प्रदेश सरकारसंग सहकार्य गरिनेछ । तादी तथा लिखु नदिमा फोहोर तथा ढल मिसाउन पूर्ण प्रतीबन्ध लागाईने छ ।

## कृषि, सिंचाई तथा पशुविकास

७६. कृषिमा आधुनिक प्रविधिको प्रयोग गरी उत्पादनमा वृद्धि गर्न कृषि यन्त्र तथा उपकरण प्रवर्द्धन कार्यकलाई जोड गरिनेछ ।

७७. कृषिमा रैथाने वालीलाई प्रवद्धन गरिनेछ ।

७८. यस पालिकामा उत्पादन हुने मुख्य नगदेवालीलाई लेवलिङ, प्याकेजिङ र व्रान्डिङ सहितको बजार व्यवस्थापन गर्ने व्यवस्था मिलाइने छ ।

७९. कृषि उपज बाली तथा फलफुलको रोग नियन्त्रणमा जोड दिईनेछ ।

८०. खरबुजा, तरबुजा उत्पादन र तरकारी उत्पादन गर्ने कृषक तथा कृषि सहकारी हरुलाई उत्पादनका आधारमा अनुदानको व्यबस्था गरीएको छ ।

८१. दुग्ध उत्पादन गर्ने कृषकहरुलाई प्रोत्साहन गर्न विषेश कार्याक्रम संचालन गरीने छ ।

८२. सहकारीको क्षेत्रमा देखिएको अनियमिततालाई व्यबस्थित गर्दै प्रभावकारी नियमनको व्यबस्था मिलाईएको छ ।

८३. कृषकहरुको उत्पादनको उचित मूल्य प्राप्तीको लागि बजार व्यबस्थापन कार्यक्रम संचालन गरीने छ ।

८४. कृषि क्षेत्रको भूमि संरक्षणको लागि कृषि क्षेत्र संरक्षणको लागि भू-वर्गिकरण अनुरुप बिषेश आवास योजना कार्यक्रम संचालन गरिने छ ।

८५. आलु उत्पादन कार्यलाई प्रवर्द्धन गर्न कृषक साझेदारी कार्यक्रम अर्न्तगत उन्नत जातका आलुको विऊ खरिद गरी उत्पादनमा वृद्धि गरिनेछ ।

८६. केन्द्र सरकार तथा गाउँपालिकाको लागत साझेदारीमा लिखु ४ चौघडामा गोदाम घर निमार्ण कार्य सम्पन्नहुनेछ । एकीकृत कृषि खेती, सामूहिक तथा सहकारी खेती प्रणाली र पर्यापर्यटकीय तथा वातावरणमैत्री कृषि प्रणालीलाई प्रोत्साहन गरिने छ ।

८७. माछा तथा मौरी पालन कार्यक्रमलाई प्रवर्द्धन गर्दै, दूध तथा मासुको उपलब्धता बढाउन नश्ल सुधार गर्न कृत्रिम गर्भाधान कार्यक्रमलाई निरन्तरता दिइने छ ।

८८. तरकारी बालीको उत्पादन वृद्धि गर्न स्थापित तरकारी पकेट विकास कार्यक्रमलाई जोड दिईने छ ।

८९. मकै उत्पादन वृद्धिको लागि मकै खेति कार्यकम गरिने छ ।

९०. किसान सूचिकृत गरी किसान परिचयपत्र वितरण गरिने छ ।

९१. च्याउ खेती प्रवर्द्धन गरिने छ ।

९२. खाद्यवस्तुको मूल्यमा आएको उतार चढावलाई व्यवस्थित गर्न गाउँपालिकाका साथै वडास्तरीय खाद्यवस्तुको बजार अनुगमन प्रणालीलाई व्यवस्थित गरिने छ ।

९३. भूमिको माटो परीक्षण कार्य सञ्चालन गरी कृषकहरूलाई माटोको प्रकार, गुणस्तर र हावापानी अनुकुल खेती गर्न एवं उचित मात्रामा मल, बिउ र विषादीको प्रयोग गर्न प्राविधिक सेवा उपलब्ध गराइने छ ।

९४. उत्पादन भएका कृषि उपजहरूको बजारीकरण तथा बिक्री वितरणको सुनिश्चितता मार्फत उत्पादन तथा आम्दानी वृद्धि गर्न सहयोग पुऱ्याइने छ ।

९५. कृषि एवं पशु विकास क्षेत्रको व्यवसायीकरण, विविधिकरण एवं यान्त्रीकरणमा सहजताको लागि आवश्यक पर्ने कृषि प्राविधिकको व्यवस्थाको लागि संघीय एवं प्रदेश सरकारसँग पहल गरिने छ ।

९६. खेतीयोग्य जमिनमा कुलो निर्माण, थोपा सिचाँई, Water liftingप्रविधिको प्रयोग गरी पर्याप्त सिचाँइको लागि आवश्यक व्यवस्था एवं पहल गरिने छ ।

९७. गाउँपालिका भित्र संचालनमा रहेका मासु पसल, दूग्ध संकलन केन्द्र, औषधी र दाना पसलहरूको निरन्तर अनुगमन गरिने छ ।

९८. लिखु र तादी खोला आसपासको खेतीयोग्य जमिन संरक्षणको लागि आवश्यक व्यवस्था गरिने छ । साथै लिखु गाउँपालिकामा रहेको सार्वजनिक जग्गाको लगत संकलन गरी अतिक्रमण रोक्न आवश्यक समन्वय एवं पहल गरिने छ ।

९९. गाउँपालिका भित्र रहेका पशुपन्छीहरू स्वस्थ राखी आयआर्जन वृद्धि गर्न पशु उपचार /पशु स्वास्थ्य शिविर/रेविज रोग नियन्त्रण शिविर/घुम्ती शिविर मार्फत उपचार तथा खोप सेवा संचालन गरिने छ साथैभुस्याहा कुकुर नियन्त्रण गर्न पशु बन्ध्याकरण कार्यक्रम संचालन गरिने छ ।

१००. खाद्य प्रणली रुपान्तरणका लागि मागमा आधारित जिविकोपार्जन सहयोग कार्यक्रम संचालन गरिने छ ।

१०१. विषादी प्रयोग तथा न्यूनीकरण सम्बन्धी सचेतना कार्यक्रम संचालन गरिने छ ।

## शिक्षा, यूवा तथा खेलकूद

१०२. आगामी पाँच वर्ष भित्र यस गाउँपालिकालाई शैक्षिक क्षेत्रमा वागमती प्रदेशकै नमुना गाउँपालिकाको रुपमा विकास गर्ने गरी कार्यक्रमहरु तय गरिनेछन् । यस आर्थिक बर्ष २०८१/८२ लाई शैक्षिक गुणस्तर सुधार वर्ष को रुपमा मनाइनेछ ।

१०३. व्यावहारिक प्रविधिमैत्री र जीवनपयोगी शिक्षा : हामी सबैको इच्छा भन्ने नाराका साथ लिखु को शिक्षालाई व्यावहारिक, प्रविधिमैत्री र जीवनपयोगी बनाईनेछ।

१०४. शिक्षण सिकाइमा प्रविधि : शिक्षाको गुणस्तरमा वृद्धि भन्ने आशयका साथ गाउँपालिका भित्रका सबैविद्यालयहरुलाई क्रमश प्रविधिमैत्री बनाउदै digitalization गरिनेछ ।

१०५. शैक्षिक गुणस्तर सुधार हाम्रो प्रतिबद्धता अन्तरगत सबै विद्यालयसँग कार्यसम्पादन सम्झौता अनुसार उत्कृष्ट विद्यालय, उत्कृष्ट विद्यार्थी र उत्कृष्ट शिक्षकलाई पुरस्कृत गरिनेछ।

१०६. हाम्रो लिखु को पहिचान सहितको कक्षा १ देखि ३, कक्षा ४ देखि ५ र ६ देखि ८ सम्म हाम्रो लिखु नामक स्थानीय पाठ्यक्रम तयार गरी लागु गरिनेछ र सबै विद्यार्थीहरुका लागि कार्यपुस्तकको व्यवस्था समेत गरिनेछ ।

१०७. विद्यालयमा विद्यार्थीको अनुपातमा शिक्षक व्यवस्थापनको लागि विद्यालय समायोजन, दरवन्दी मिलान, गाउँपालिका अनुदान शिक्षकको व्यवस्था गरिनेछ।

१०८. विद्यार्थी प्रोत्साहन, शिक्षक प्रोत्साहन र विद्यालय प्रोत्साहन का विशेष कार्यक्रमहरु संचालन गरिनेछ ।

१०९. "हाम्रो स्कुल, राम्रो स्कुल" भन्ने नाराका साथ विद्यालय सुधार योजना निर्माण गरी लागु गरिनेछ।

११०. विद्यालय जाने उमेर समूहका सबै बालबालिकालाई विद्यालयमा अनिवार्य रुपमा भर्ना गर्ने वातारण निर्माण गरी नेपालको संविधान र अन्तराष्ट्रिय प्रतिबद्धताअनुसार शिक्षामा सबै बाल बालिकाहरूको पहुँच सुनिश्चित गर्न विद्यालय नजाने बालबालिकाको संख्या शुन्य बनाइनेछ।

१११. हरेक आधारभूत विद्यालयको शिशु कक्षामा मन्टेस्वरीको आधारभूत सामाग्रिहरुको उपलब्धतार बालविकास सहजकर्तालाई तालिमको व्यवस्था गरिनेछ।

११२. यस गाउँपालिका भित्रको सामुदायिक विद्यालयबाट माध्यामिक तह पार गरीउच्च प्राविधिक शिक्षा अध्ययन गर्ने विद्यार्थीहरुलाई कार्यविधि बनाई प्रोत्साहन गरिनेछ।

११३. विद्यालय अनुगमन तथा सुपरीवेक्षण सुचकमा आधारित बनाइ थप प्रभावकारी बनाइने छ।

११४. शैक्षिक गुणस्तर सुधार तथा क्षमता विकासको लागि प्र. अ., लेखापाल, शिक्षकहरु, बालविकास कार्यकर्ता, व्यवस्थापन समितिको लागि पुर्नताजगी तालिमको व्यवस्था गरिनेछ।

११५. विद्यालयको हाता भित्र हरियाली वातावरण निर्माणका लागि एक विद्यालय एक बगैचाः एक विद्यार्थी एक विरुवा नीति लिईनेछ।

११६. विषयगत शिक्षकहरुको समितिलाई सक्रिय गराई शैक्षिक सुधारका कार्यक्रमहरु ल्याइनेछ ।

११७. सामुदायिक विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपातमा विषयगत दरबन्दी एवं शिक्षक सरुवालाई व्यवस्थापन गरिनेछ।

११८. "उत्कृष्ट शैक्षिक गन्तव्य लिखु गाउँपालिका" को रुपमा स्थापित गरी लिखु बाहिरका विद्यार्थीहरुलाई समेत आकर्षित गरिनेछ ।

११९. सबै विद्यालयहरुमा पुस्तकालय, विज्ञान र कम्प्युटर प्रयोगशाला स्थापनाको नीति लिइनेछ।

१२०. गाँउ शिक्षा योजना निमार्ण गरिने छ ।

१२१. अभिभावकहरुलाई विद्यालयसँग जोड्न अभिभावक शिक्षा कार्यक्रम संचालन गरिनेछ ।

१२२. विद्यालयस्तरीय खेलकुदका प्रतियोगिताहरु अन्तर्गत राष्ट्रपति रनिङशिल्ड, अध्यक्षकप खेलकुद प्रतियोगिता, उपाध्यक्षकप महिला भलिबल प्रतियोगिता र शिक्षकहरुको लागि विभिन्न खेलकुद प्रतियोगिताहरु संचालन गरिनेछ।

१२३. पालिकामा मार्शलआर्ट्स खेलको विकासको लागि आवश्यक कदम चालिनेछ |

१२४. विद्यालयस्तरीय अतिरिक्त क्रियाकलापलाई विशेष प्रोत्साहन गरिनेछ |

१२५. सामुदायिक विद्यालयका विद्यार्थीहरुको लागि विद्यालय बसको व्यवस्था गरिनेछ |

१२६. विद्यालयमा Pilot program को रुपमा English medium बाट शिक्षण सिकाइको सुरुवात गरिनेछ |

१२७. विद्यालयलाई आत्म निर्भर र विद्यार्थीलाई स्वाबलम्बी बानाउन सिक्दै कमाउदै कार्यक्रम, एक विद्यालय एक उद्दम कार्यक्रम, Book free Friday जस्ता कार्यक्रम संचालन गरिनेछन |

१२८. अनिवार्य तथा निशुल्क शिक्षा कार्यक्रमलाई दिगो रुपमा कार्यान्वयन गरी लिखु गाउँपालिका भित्र कुनै पनि बालबालिका विद्यालय बाहिर नरहने अवस्थाको सुनिश्चित गरिने छ |

१२९. सबै विद्यालयहरुलाई आत्मनिर्भर बनाउने गरि विशेस अनुदान को व्यवस्था गरिनेछ |

१३०. सरकारी तथा गैर सरकारी संघ सस्थाहरु संग शैक्षिक कार्यहरुमा हातेमालो तथा सहकार्य गरिनेछ

१३१. निर्माणधिन अवस्थामा रहेका खेलमैदानको स्तरोन्नती गरी थप खेलमैदानहरु निर्माण गरिने छ ।

१३२. निजी लगानीका विद्यालय सहित सबै विद्यालयको पाठ्यक्रम, भौतिक वातावरण, शिक्षक तथा कर्मचारी एवं आर्थिक व्यवस्थापन लगायतका विषयमा नियमन गरिने छ।

१३३. सबै प्रकारका शैक्षिक संस्थाहरूको भौतिक अवस्थामा सुधार गरी विपद् प्रतिरोधी बनाइने छ ।

१३४. गरिब, जेहेन्दार तथा दलित विद्यार्थीहरूका लागि आवश्यकताका आधारमा छात्रवृत्तिको व्यवस्था गरिने छ।

१३५. सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइ प्रणालीसँग आबद्ध गर्दै लगिने छ।

१३६. आवश्यकतामा आधारित भएर विषयगत शिक्षक तथा प्रधानाध्यापकहरूलाई नेतृत्व तथा क्षमता विकासका तालिमहरू प्रदान गरिने छ।

१३७. माध्यमिक तथा निम्नमाध्यमिक विद्यालयमा सेनिटरी प्याड वितरण समिति गठन गरी यससम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गर्दै किशोरीहरूमा महिनावारीको समयमा देखापर्ने संकोचमा कमी ल्याउनका साथै त्यसको प्रयोग र व्यवस्थापन गरिने छ।

१३८. गाउँपालिका भित्र संचालित शिक्षा क्षेत्रसँग सम्बन्धित कार्यक्रमहरूको प्रभावकारी ढङ्गले अनुगमन र मुल्याङ्कन गर्ने प्रणाली अवलम्बन गरिने छ।

१३९. विद्यालयको शैक्षिक सुधारका निम्ति आवश्यक शिक्षक व्यवस्था, शैक्षिक प्रदर्शनी, शैक्षिक भ्रमण र अतिरिक्त क्रियाकलापका माध्यमबाट विद्यालय शिक्षाको गुणस्तर उकासिने छ।

१४०. गाउँपालिका सरहरभित्रका प्रत्येक बालविकास केन्द्रहरूमा उपयुक्त शिक्षण सिकाई वातावरण निर्माण तथा आवश्यक पूर्वाधार विकास गर्ने कार्यलाई निरन्तरता दिईने छ।

१४१. विद्यालय कर्मचारी तथा बाल विकास सहयोगी कार्यकर्ताको तलब भत्ता मिलानको लागि प्रदेश तथा संघीय सरकारको नीति अनुरुप कार्यक्रम ल्याईने छ।

१४२. स्थानीय प्रतिभाशाली खेलाडीहरूलाई प्रोत्साहन गर्न प्रशिक्षण तथा विभिन्न किसिमका खेलकूद प्रतियोगिताहरू आयोजना गरिने छ।

## युवा तथा रोजगारी प्रर्बद्धन

१४३. लिखु गाउँपालिका रोजगार रणनीति २०८० लाई कार्यान्वन तथा नियमन गरिने छ।

१४४. "श्रमलाई सम्मान लिखुको अभियान" भन्ने नाराका साथ गाउँपालिकाका विकास निर्माणका आयोजनाहरुमा यस गाउँपालिका का बेरोजगारको सुचीमा सुचिकृत बेरोजगारहरुलाई काममा अनिवार्य लगाउनु पर्ने नीति अवलम्बन गरिनेछ।

१४५. बेरोजगार युवायुवतीहरुका लागि एकीकृत रुपमा रोजगारमुलक र सीपमुलक तालीम संचालन गरि दक्ष र सक्षम जनशक्ति विकास गरि आन्तरिक रोजगारीको प्रबन्धन र विस्तार गरिने छ।

१४६. कामका लागि पारिश्रमिक (Cash for Work) कार्यक्रम संचालन गरिने छ, सुचिकृत बेरोजगार व्यक्तिलाई पूर्वाधार निर्माण वा अन्य सार्वजनिक आयोजनामा संग्लन गराई ज्याला

बापतको रकम नगदै भुक्तानी गर्ने अल्पकालीन रोजगारका कार्यक्रम लागू गरिने छ र कार्यस्थल  सीप मुलक तालिम प्रदान गरीनेछ ।

१४७. वैदेशिक रोजगारीबाट फर्केका युवाहरूलाई व्यावसायिक कृषि तथा पशुपालनसम्बन्धी आधारभूत ज्ञान र सीप अभिवृद्धि गराउन तालिम तथा अनुदान कार्यक्रम सञ्चालन गरिने छ ।

१४८. यूवाहरूको सीप विकासका लागि सीपमूलक तालीमहरूको व्यवस्था गरी सुरक्षित रोजगार तथा कमाईलाई आकर्षक बनाउन आवश्यक नीति तथा कार्यक्रम तर्जुमा गरिने छ ।

१४९. युवा तथा शैक्षिक बेरोजगारलाई प्राथमिकतामा राखी स्वरोजगारमुलक कार्यमा संलग्न स्थानीय युवा उद्यमीहरुलाई प्रोत्साहित गरिनेछ ।

१५०. समाजमा विद्यमान सामाजिक भेदभाव तथा अमानवीय क्रियाकलापको अन्त्यका लागि यूवा परिचालन गर्न स्थानीय तथा गैरसरकारी संस्थासँगको सहकार्यमा कार्यक्रमहरू सञ्चालन गरिने छ ।

१५१. वैदेशिक रोजगारमा गएका व्यक्ति, आश्रित परिवार र रोजगारीबाट फर्केका व्यक्तिहरूलाई विदेशबाट प्राप्त विप्रेषण, सीप र क्षमताको सदुपयोग गर्न अन्य आर्थिक उपार्जनका कार्यक्रममा सहभागी हुन मनोसामाजिक तथा वित्तीय साक्षरता कक्षाहरू संचालन गरी सहजीकरण गर्ने ।

१५२. वैदेशिक रोजगारमा गएका व्यक्ति, उनीहरूका परिवार वैदेशिक रोजगारबाट फर्केका व्यक्तिहरूको सीप, क्षमता र श्रोतलाई गाउँपालिकामै सदुपयोगका लागि प्रोत्साहन एवं सहजीकरण गरिने छ ।

१५३. रोजगार सेवा केन्द्रमा सूचिकृत बेरोजगार श्रमिकहरुको लागि अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्दै वार्षिक १०० दिन बराबरको रोजगारी प्रदान गरिने छ ।

१५४. बैदेशिक रोजगारीबाट फर्किएका रोजगारी गुमाएका युवाहरुलाई उद्यमशीलता विकास गराउन बिउँ पुजी उपलब्ध गराउने गरि आवश्यक व्यवस्था गरिनेछ।

१५५. बैदेशिक रोजगारीको व्यक्तिगत श्रम स्वीकृती र पुनः श्रम स्वीकृतीको कार्य थप व्यवस्थित तथा प्रभावकारी बनाइने नीति लिईएको छ सहजिकरण रोजगार सेवा केन्द्रकाट गरिनेछ ।

१५६. प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनको लागी गाउँपालिकाबाट म्याचिङ बजेटको व्यवस्था गरिएको छ ।

१५७. प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयन गर्दा हुन सक्ने जोखिमलाई मध्यनजर गर्दै श्रमिकहरुको लागि श्रमिक बिमा, सुरक्षा सामाग्री तथा योजनाको कार्यान्वयनको लागि प्रयोग हुने आवश्यक सामाग्रीहरु प्रदान गरिने छ ।

## आर्थिक विकास, संस्कृति संरक्षण, पर्यटन तथा राजश्व संकलन

१५८. गाउँपालिकाभित्र रहेका सबै पर्यटकीय स्थलहरुको खोजी गरि संरक्षण, सर्वद्धन, विकास, प्रचार प्रसार गर्ने कार्यक्रम तथा योजना अगाडि बढाईनेछ । पर्यटन प्रवर्द्धन गर्न होम-स्टे सञ्चालन गर्ने नीति लिइनेछ ।

१५९. गाउँपालिकाको सुरक्षा व्यवस्थालाई मजबुद बनाउन गाउँपालिकाका विभिन्न क्षेत्रमा सि.सि. क्यामेरा जडान कार्यलाई निरन्तरता दिईनेछ । साथै सुरक्षा निकाय सँग सम्बन्धित कार्यक्रमहरुको प्रभावकारिताको लागि कार्यक्रम संचालन गर्न आवश्यक बजेटको व्यबस्था गरिएको छ ।

१६०. करको दायरा फराकिलो बनाउँदै प्रगतिशील कर प्रणाली मार्फत कर, शुल्क, जरिवाना प्राप्त गर्ने कार्यलाई निरन्तरता दिइने छ ।

१६१. गाउँपालिकाभित्र सञ्चालित उद्योग, व्यापार तथा व्यवसायलाई गाउँपालिकामा दर्ता नवीकरण अनिवार्य गरी करको दायरामा ल्याईने छ ।

१६२. राजश्व संकलनमा प्रक्रियागत सरलीकरण र सूचना प्रविधिको प्रयोग बढाई राजश्व प्रशासनलाई सक्षम, सुदृढ र व्यवसायिक बनाइने छ ।

१६३. आम जनतामा कर तथा राजश्वको महत्वका बारेमा जनचेतनाको कार्यक्रम गरिनेछ ।

१६४. राजश्व प्राप्तिका मुख्य स्रोतहरू दहत्तर बहत्तर शुल्क, सम्पत्ति कर, घर नक्सा पास दस्तुर, व्यवसाय कर, बहाल विटौरी शुल्क, सम्पत्ति मुंल्याङ्कन शुल्क, सिफारिस दस्तुरलाई समायानुकुल परिमार्जन गरिने छ ।

१६५. समाजका हरेक पक्षको आर्थिक सामाजिक रूपान्तरणका लागि स्थानीय स्तरमा खेर गईरहेको श्रमलाई उत्पादनमा जोड्ने एवं हाते सीपमुलक लघु उद्यम कार्यक्रम शुरु गरिने छ ।

१६६. गाउँपालिका भित्र उत्पादनमुलक व्यवसाय सञ्चालन गरी उद्यमशीलता विकास गर्न अनुदान व्यवस्थाको लागि आवश्यक समन्वय, सहयोग एवं सहजीकरण गरिने छ ।

१६७. ऐतिहासिक, पुरातात्विक तथा साँस्कृतिक सम्पदाको संरक्षण, संवर्द्धन र विकासका लागि स्थानीय जनसहभागितामा आधारित कार्यक्रम सञ्चालनमा ल्याइने छ ।

१६८. स्थानीय संस्कृति र कलाको विकास गरी स्थानीय सिर्जनशीलतालाई प्रोत्साहन गर्न कार्यक्रम बनाई कार्यान्वयनमा ल्याइने छ ।

१६९. गाउँपालिकाभित्र रहेका ऐतिहासिक साँस्कृतिक सम्पदाको संरक्षण तथा नयाँ निमार्ण गर्दा ऐतिहासीक महत्व तथा पुरातात्विक महत्वलाई ध्यानमा राखी टुंडाल हरुको प्रयोग गरी निमार्ण गरिने छ ।

## सहकारी तथा उद्यम विकास

१७०. गरिबी निवारणका लागि लघु उद्यम विकास निर्देशिका २०७७ बमोजिम सिर्जित उद्यमीको स्तरोन्नतिका लागि पुनर्ताजगी एवं एडभान्स सीप विकास तालिम संचालन गरिने छ ।

१७१. लघु उद्यम विकासको लागि नयाँ उद्यमी सिर्जना गर्ने कार्यलाई निरन्तरता दिईने छ ।

१७२. उद्यमशीलताको विकास गर्न उपयुक्त प्रस्तावपत्रको आधारमा लघुउद्यम प्रोत्साहन, अनुदान तथा सहुलियत ऋणको लागि आवश्यक व्यवस्था मिलाईने छ ।

१७३. गाउँपालिका भित्र संचालनमा रहेका सबै सहकारीहरुलाई नियमन गरी सहकारीहरुलाई आवश्यक जनशक्ति उत्पादन तथा व्यबस्थापनमा उचित ध्यान दिईनेछ । कृषि पशुपालन र अन्य आय आर्जनमा टेवा दिने गरी कार्यक्रम संचालन गर्ने आम किसानहरुको सहभागितामा संचालित सहकारीहरुलाई पहिलो प्राथमिकता दिइनेछ ।

१७४. सहकारीहरुको वार्षिक मूल्याङ्कन गरी उत्कृष्ठ कार्य गर्नेलाई पुरस्कृत र विग्रेकालाई सुधार गर्ने कार्यक्रमहरु तय गरिने छ ।

१७५. सहकारी संस्थाको संस्थागत क्षमता अभिवृद्धि हुने गरी विभिन्न प्राविधिक तथा व्यवस्थापकीय सहयोग र सहकार्यका कार्यक्रमहरू सञ्चालन गरिने छ ।

१७६. सहकारी तथा अन्य सामाजिक संघ संस्थालाई समाजका व्यक्तिहरूको आर्थिक सामाजिक विकाससँग आवद्ध गराई उपयुक्त प्रस्तावपत्रका आधारमा अनुदान प्रदान गर्ने कार्यलाई निरन्तरता दिइने छ ।

१७७. गाउँपालिका भित्रका कृषि सहकारीहरूलाई उत्पादनमुलक क्षेत्रमा लगानी गर्न प्रोत्साहित गरी सहकारीहरूको परिचालनबाट परम्परागत कृषि प्रणालीलाई आधुनिक र व्यवसायिक बनाउने नीति अवलम्बन गरिने छ ।

१७८. गाउँपालिका भित्र रहेका सहकारी तथा अन्य संघ, संस्थाहरूको सवलीकरण नियमित अनुगमन र नियमन गर्ने व्यवस्था मिलाइने छ ।

## ऊर्जा

१७९. बायोग्यास तथा सुधारिएको चुलो, बायोब्रिकेट जस्ता किफायती जैविक ऊर्जाको प्रवर्द्धन एवम् विस्तार गर्दै दाउराको प्रयोगलाई क्रमशः कम गर्दै लगिने छ ।

१८०. दीगो एवं अनन्त ऊर्जाको स्रोतको रूपमा रहेको सौर्य ऊर्जाको उत्पादन र प्रयोगलाई थप व्यवस्थित गर्दै बजार क्षेत्र तथा बाक्लो बस्तीहरूमा सोलार वत्तिको व्यवस्था गर्दै लगिने छ ।

१८१. जीवनको गुणस्तर अभिवृद्धि गर्न आवश्यक न्यूनतम ऊर्जाको उपलब्धताको सुनिश्चितता गरिने छ ।

## न्यायिक कार्यसम्पादन

१८२. न्यायिक समितिलाई प्रभावकारी, व्यवस्थित र मर्यादित बनाउन जनतालाई न्यायिक अनुभुती दिलाउने गरि आवश्यक ऐन, कानून र कार्यविधिहरु निर्माण एवं आवश्यकता अनुसार परिमार्जन गरि लागु गरिनेछ ।

१८३. न्यायिक समिति र मेलमिलापकर्ताहरुको लागि न्याय सम्पादन सम्वन्धि प्रयाप्त ज्ञान सिप आवश्यक पर्ने भएकोले सो सम्वन्धि तालिम , प्रशिक्षणको व्यबस्था मिलाईनेछ ।

१८४. आवश्यकताको पहिचान गरी दैनिक कार्य सञ्चालनका लागि उपयुक्त ऐन, नियम, निर्देशिका, कार्यविधि तथा मापदण्डहरू निर्माण गरी लागू गरिने छ ।

१८५. सामुदायिक मेलमिलाप केन्द्रहरु व्यवस्थित तथा थप प्रभावकारी बनाईनेछ ।

१८६. गाउँपालिका भित्र अन्यायमा परेका महिला तथा दलित समुदायहरुको लागि कुरीती, कुसंस्कार, छुवाछुत तथा अधिकारको बारेमा कानुनी सचेतना कार्यक्रमलाई प्राथमिकता दिईनेछ । साथै निःशुल्क न्यायिक तथा कानुनी परामर्शलाई निरंतरता दिईनेछ ।

**सभाध्यक्ष महोदय,**

अन्त्यमा यस नीति तथा कार्यक्रम तर्जुमा गर्न सहयोग गर्नुहुने अध्यक्षज्यू, वडाध्यक्षज्यूहरू, वडा समितिहरू, विषयगत समितिका पदाधिकारीज्यूहरू, स्थानीय बुद्धिजीवीहरू, राजनीतिक दल, नागरिक समाज, पत्रकार, प्रमुख प्रशासकीय अधिकृत, विषयगत शाखा प्रमुख लगायत सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरू र लिखु गाउँपालिकावासीहरूमा बजेट कार्यान्वयनको अपेक्षा सहित हार्दिक धन्यवाद व्यक्त गर्दछु ।